# तुर्माखाँद गाउँपालिकाको गाउँसभामा गाउँपालिका अध्यक्ष श्री डम्बर बहादुर बि.सी.द्वारा प्रस्तुत आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

## तुर्माखाँद गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

तुर्माखाँद, अछाम

सुदूरपश्चिम प्रदेश,नेपाल

*२०८२ साल असार ९ गते*

*Web site:www.turmakhadmun.gov.np*
*Email: ito.turmakhadmun@gmail.com*

*गाउँ सभाका सदस्यज्यूहरु,*

१) संघीय लोकतान्त्रिक गणतन्त्रको उदय पछिको शासन प्रणाली मार्फत दिगो शान्ती, स्थायित्व, सुशासन, विकास र समृद्धीको लक्ष्य हासिल गर्न तुर्माखाँद गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा खुसी व्यक्त गर्दछु।

२) लोकतन्त्र, संघीयता,धर्म निरपेक्षता र समावेशी व्यवस्था सहितको अग्रगामी परिवर्तन तथा हाल सम्मका सम्पूर्ण राजनीतिक उपलब्धीका लागि पटक-पटकको ऐतिहासिक जन आन्दोलन, त्याग, संघर्ष र बलिदान पूर्वक जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै वेपत्ता पारीएका,द्वन्द्ध पिडित, घाइते तथा अपाङ्गता भएका सम्पूर्ण योद्धाहरुप्रति उच्च सम्मान सहित स्मरण गर्दछु।

३) स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्हालेको ३ वर्ष पुरा भएको छ। यस अवधिमा यस गाउँपालकाको सुशासन, विकास र सेवा प्रवाहमा सहयोग पुर्याउने संघ तथा प्रदेश सरकार, विभिन्न दातृ निकाय एवं गैर सरकारी संघ संस्था, राष्ट्रसेवक कर्मचारी र सम्पूर्ण गाउँपालिकाबासी एवं सरोकारवाला निकायलाई तुर्माखाँद गाउँपालिकाको तर्फबाट हार्दिक आभार सहति धन्यवाद ज्ञापन गर्दछु।

४) सुन्दर, सम्मुन्नत र समृद्ध गाउँपालिका निमार्ण गर्न हाम्रो संकल्प, सम्पुर्ण गाउँपालिका वासीको चाहाना, हामीले निर्वाचनका क्रममा सम्पूर्ण मतदाताहरु प्रति अभिव्यक्त गरेका वाचाहरु पूरा गर्ने दिशामा आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दिगोविकास राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै समग्र तुर्माखाँद गाउँपालिकाको विकास र समृद्धिका लागि नेपालको संविधान तथा संघ, प्रदेश र स्थानीय सरकार सञ्चालन ऐन २०७४ द्धारा प्रद्धत हक अधिकारको प्रचलनमा रहि तथा कानुनत: निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिवद्ध छौं।

५) स्थानीय स्रोतको पहिचान र परिचालन गरि समावेशी सिद्धान्तका आधारमा आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हाँसिल गर्न सरकारी निजि क्षेत्र र समुदायको साझेदारीमा विकास गरिने छ। गुणस्तरिय शिक्षाबाट नै समाजमा दिगो विकास र समृद्धि प्राप्त गर्न सकिन्छ भन्ने गाउँपालिकाको स्पष्ट धारणा रहेको छ।आन्तरिक सु-शासन र सवल प्रशासनको विकास, पालिका वासीको आर्थिक हैसियतमा सुधार, कृषि, स्वास्थ्य, खानेपानी तथा सरसफाई सहित स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्दै पूर्वाधार विकास, सामाजिक विकास, कलासंस्कृतिको संरक्षण, पर्यटन प्रवर्द्धन, वन तथा वातावरण संरक्षण, युवा परिचालन, वडा कार्यालयहरुको क्षमता विकास, रोजगारी उद्यमशिलता, खेलकुद, विपद व्यवस्थापन, न्याय निरुपण, पिछडिएको वर्ग समुदाय, महिला, दलित, जनजाती, असाहाय, फरक क्षमता भएका व्यक्ति, बालवालिका, मानवअधिकार प्रर्वद्धन जस्ता विषयगत क्षेत्रहरुका लागि यो आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम निर्देशित रहेको छ।

६) संघीय सरकारको राजस्व परिचालनमा उल्लेखिय सुधार हुन नसक्दा स्थानिय तहले पाउनपर्ने वित्तिय हस्तान्तरणमा नकरात्मक असर परेको छ नेपालले विगत केहि वर्ष यता अल्पविकासित मुलुकबाट विकाससिल मुलुकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन दुई हजार भन्दा बढी युवाहरु रोजगारीको खोजिमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाको प्रभाव हाम्रो पालिकामा पनि रहेकाले यसले हामि सबैलाई गम्भीर बनाएको छ। वाहृय बसाई-सराईका कारण गाउँघरहरु सुनसान वस्तीका रुपमा रुपान्तरित हुदैं छन।

उब्जाउ खेती वारी बाँझो हुन पुगेका छन, यस सन्दर्भमा युवालाई देश वा पालिका भित्रै रोगारीको अवसर सिर्जना गर्ने र गाउँघरको बसाईलाई आर्कषक बनाउने चुनौति हामि सबैको साझा मुद्धा हुन पुगेको छ।

७) यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो आन्तरिक स्रोतलाई मजबुद बनाउदै तिब्र र दिगो आर्थिक विकास गरि समृद्ध तुर्माखाँद, सुखी तुर्माखाँद वासिको मुल लक्ष्य हासिल गर्न हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनुपर्ने अवस्था रहेको छ। सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सु-शासनको अनुभुति आम जनतामा प्रदा गर्न गाउँपालिकाको क्षमता विकास गर्न आवश्यक रहेको छ। यसका लागि भ्रष्टचारमा शुन्य सहनशिलता को नीति अवलम्बन गरि आर्थिक मितव्ययिता अपनाउनु पर्दछ।

## *विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौति*

### १. विद्यमान अवसरहरु:

- **संविधानत:** अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
- आफ्नो अधिकार क्षेत्रका विषयमा ऐन, कानुन तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
- विकास निमार्णका विविध विषयमा नीति, कार्यक्रम तथा बजेट सञ्चालन गर्न अधिकार प्रष्ट हुनु।
- गाउँपालिका भित्र भौगोलिक तथा सास्कृतिक विविधता रहनु।
- सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु।
- विकास निर्माणका साझेदार संघसंस्थाहरुसँग समन्वय तथा सहकार्यमा विभिन्न कार्यक्रम योजना सञ्चालन हुनु।

### २. विद्यमान चुनौतीहरु :

- स्थानीय कर्मचारी संगठन तथा व्यवस्थापन नहुँदा सेवा प्रवाहमा समस्या।
- कर्मचारी समायोजनमा कतै दरबन्दी भन्दा बढी, कतै कम पठाइनुले कार्य सम्पादनमा समस्या।
- संघ, प्रदेश र स्थानिय तह विच समन्वयको अभाव र काममा दोहोरोपना ।
- रोजगार उन्मुख, सिपमूलक शिक्षाको विकास गर्न नसक्नु।
- यूवा जनशक्तिलाई कृषि व्यवसाय प्रति आर्कषित गर्न नसक्नु ।
- वैदेशिक रोजगारीबाट फर्केका सिपयुक्त युवाको सिप तथा पूँजीलाई उद्यम विकासमा उपयोग गर्न नसक्नु।
- वैज्ञानिक जलवायु उत्थानसिल तथा व्यवहारीक योजना तर्जुमा गरी लागु गर्न नसक्नु।
- भिरालो ठाउँ, बाढी पहिरो तथा डुबान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तिमा भवन निर्माण कार्यलाई रोक्न नसक्नु।
- अव्यवस्थित वस्ति विस्तारको क्रम नरोकिनु तथा व्यवस्थित वस्ति विकास गर्न नसक्नु।
- सडक लगायतका पूर्वाधारको उपयोग योजना डिजाइन तथा ड्रोइङ विना गरिनु। सडक तथा अन्य पूर्वाधारका संरचना निमार्णको कार्यलाई रोक्न नसक्नु।
- आन्तरिक श्रोतसाधनको सहि सदुपयोग नहुदा प्राप्त प्रतिफल हासिल गर्न नसक्नु।
- तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान गरी राजश्वको दायरा विस्तार गर्न नसक्नु।
- भौगोलिक अवस्थाका कारण सेवा प्रवाह,विकास व्यवस्थापन,अन्तर कार्यालय समन्वयमा असर।
- न्यून आन्तरिक आय र तोकिएभन्दा न्यून वित्तीय हस्तान्तरण ।

## ३.नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धि उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोह्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

सोह्रौं योजना, दिगो विकास लक्ष्य २०१५-२०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालिन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो र प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो र आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षणलाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ। यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वालम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सबै राजनीतिक दल, पूर्व जनप्रतिनिधिहरु, कर्मचारीहरु, सरकारी तथा गैरसरकारी संघसंस्था, शिक्षक, बुद्धिजिवी, आमा नागरिक, सरोकारवालाहरु, सबै पेशा व्यवसायमा आबद्ध महानुभावहरु आम गाउँपालिका वासी दाजुभाई तथा दिदीबहिनीहरुको सहयोग, समन्वय र सहकार्यका लागि हार्दिक आव्हान गर्दछु ।

***सभाका सदस्य ज्यूहरु,***

सर्वप्रथम म गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त उपलब्धीहरु संक्षेपमा प्रस्तुत गर्दछु ।

## १. भौतिक पुर्वाधार विकास :

- तुर्माखाँद गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यको शुरुवात भई ४० प्रतिशत भौतिक प्रगति भएको,

- वडा नं. २ भुलुको प्रशासकीय वडा कार्यालयको भवन निर्माण सम्पन्न भई संचालनमा आएको,
- वडा नं. १ को वडा कार्यालय भवन निर्माण कार्य अन्तिम चरणमा रहेको,
- वडा नं. ६ को वडा कार्यालय भवन निर्माण कार्य ५० प्रतिशत भन्दा बढि कार्य सम्पन्न भईसकेको,
- रहफ देखि भुलु सडकको नयाँ ट्रयाक खन्ने कार्यको शुरुवात भएको ,
- तुर्माखाँद ४ मा हाटबाजरका लागि टहरा निर्माणको कार्य शुरुवात गरिएको ,
- जलवायु परिवर्तन स्थानीय अनुकूल परियोजना (LACC) बिचको साझेदारिमा ४ वटा खानेपानी, ३ वटा सिचाँई, २ वाट वायोइन्जिनिरिङ् कार्य, १वटा सुधारिएको पानी घट्ट गरि जम्मा १० वटा योजना निर्माणको लागि सम्झौताको कार्य सम्पन्न भएको। साथै USAID कार्णाली जलपरीयोजना र पालिकाको साझेदारीमा आ व ०७८-०७९ देखि हाल सम्म १६ वटा नयाँ र ५ वटा मर्मत गरी जम्मा २१ वटा योजना कार्यान्वयन भएको।जसबाट ११४१ घर धुरीका ५९२८ जनसंख्या लाभान्वित भई ९२१ व्यक्तिगत धारा, ८ वटा विद्यालयका धारा र ७ वटा सिचाँई पोखरी निर्माण कार्य सम्पन्न भएको।सो कार्यमा पालिकाको १ करोड ८२ लाख २६ हजार ४ सय ६५ र USAID कार्णाली जलपरीयोजनाको ४ करोड ७१ लाख ९ हजार २ सय ७० रकम साझेदारी भएको ।
- सरस्वती आ.वि.भवन निर्माण चिसिको निर्माण कार्या अन्तिम चरणमा आएको,
- कच्ची सडक तर्फ करिव २१.७२८ कि.मि. नयाँ सडक खन्ने कार्य सम्पन्न भएको,
- मर्मत तथा स्तरोन्नती ७ कि.मी. निर्माण गरिएको छ,

## २. सामाजिक विकास :

- वडा नं. १ देखि ८ सम्मका वडाहरुमा विद्युत लाइन विस्तार गरिएकोछ।केहि वडाहरुका आंशिक घरहरुमा र केहि वडाका घरहरुमा पूर्णरुपमा विद्युत लाइ विस्तार गरिएको,
- खोप सेवालाई सुदृढ र प्रभावकारी बनाइ राख्न रहफ, भुलु, भैरवस्थान, रानीवन र तोषी स्वास्थ्य चौकीमा फ्रिज जडान गरि सञ्चालनमा ल्याइएको।सबै स्वास्थ्य चौकीमा स्टेचर वितरण गरिएको।
- दश सैय्याको आधारभुत अस्पताल निर्माणधिन अवस्थामा रहेको, वर्थिङ् सेन्टर स्यालेकराको निर्माण कार्य सम्पन्न भएको र रानिवनमा ३ वटा गाउँघर क्लिनिक, वडा नं. २ मा खोप क्लिनिक निर्माण सम्पन्न भएको।
- भैरवस्थान स्वास्थ्य चौकी र नाडा स्वास्थ्य चौकी निर्माण कार्य सम्पन्न भएको ,
- संङ्घिय शिक्षण सिकाई अनुदान कार्यक्रम अन्तरगत माद्यामिक तह ९-१२ र आधारभुत तह १-८ को दरबन्दि २९ वटा र पालिका अनुदान-२, वाल विकास केन्द्र-४ वितरण गरिएको।
- माध्यामिक शिक्षा (कक्षा १ देखि १० सम्म ) सञ्चालित विद्यलयहरुमा विभिन्न बाहानामा लिईने सम्पुर्ण शुल्क पुर्णरुपमा बन्द गरिएको छ र बालवालिकाहरुले निशुल्क शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरिएको छ।
- तुर्माखाँद बहुमुखी क्याम्पस स्थापनाका लागि न्युनतम प्रक्रिया पुरा गरि सम्वन्धन प्राप्तको प्रक्रियामा रहेकोछ।
- स्थानीय पाठ्यक्रम तुर्माखाँद गाउँपालिका राइनचिन (१-८) निर्माण गरी लागु गरिएको र यसै बर्षदेखि कक्षा १ देखि क्रमस लागु हुने गरी पाठ्यपूस्तक निर्माण गरिएको।
- पालिकाको १० बर्षे शिक्षा क्षेत्र योजना निर्माण गरिएको।
- शिक्षक तालिम तथा क्षमता विकासः शिक्षकहरूको पेशागत विकासका लागि विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिएका छन्।
- स्थानीय सरकार सञ्चालनमा सहयोगार्थ विभिन्न ऐन तथा कार्यविधिहरु र आयोजना विकास निर्माण गरी १० पूस्तिकाहरु लागु गरिएको।

- सामूदायिक विद्यालयहरुमा कक्षा ११ र १२ मा अध्ययनरत सिमान्तकृत,दलित, जनजाती तथा अपाङ्गता भएका वर्गका विद्यार्थीहरुलाइ विद्यालय भर्ना शुल्क र परीक्षा शुल्कमा छुट दिइएको।
- सार्वजनिक पदधारण गरेका सरोकारवालाहरुका बालबालिकाहरु सामूदायिक विद्यालयमा अनिवार्य भर्ना गर्ने कार्यले सामूदायिक विद्यालय प्रतिको आकर्षण बढेको।
- विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेटको व्यवस्था गरी विद्यार्थीहरूलाई प्रविधिमैत्री शिक्षा प्रदान गरिएको
- अधिकांश विद्यालयहरूमा डिजिटल बोर्ड तथा ICT ल्याबको स्थापना गरी शिक्षण सिकाइलाई थप प्रभावकारी बनाइएको छ।
- विद्यालयको शैक्षिक विकासमा समुदायको सहभागिता बढाउन विद्यालय व्यवस्थापन समिति तथा अभिभावक शिक्षक संघलाई सक्रिय बनाइएको छ।
- अभिभावक शिक्षा कार्यक्रमः अभिभावकहरूलाई शिक्षाको महत्वबारे जानकारी गराउन अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ।
- विभिन्न वडाहरुमा किसान आय आर्जनका लागि आधुनिक बाख्रा खोर निर्माण तथा बाख्रा वितरण गरिएको।
- उन्नत जातको तरकारि मिनिकिट वितरण गरिएको।
- ८५ प्रतिशत अनुदानमा प्लाष्टिक घरको लागि प्लाष्टिक र थोपा सिचाइ सेट वितरण गरिएको।
- रैथाने बाली प्रबर्द्धनका लागि कोदोको विउ वितरण गरिएको।
- गुरु किसान परिचालन सहित नमुना सुन्तला वगैचा स्थापना तथा क्षेत्रफल विस्तार कार्यक्रम अन्तरगत सुन्ताला विरुवा वितरण तथा कृषी सामग्री वितरण गरिएको।
- एक पालिका एक नमुना नगदे बाली प्रबर्द्धन सिचाइ सहकार्य कार्यक्रम अन्तरगत वडा नं. ७ र ८ मा सिचाइ पोखरी निर्माण गरिएको।

***सभाका सदस्य ज्यूहरु,***

अब म तुर्माखाँद गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को विभिन्न विषयगत क्षेत्रको नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्दछु।

हाम्रो यस गाउँपालिकाको दिर्घकालिन सोच **"शिक्षा, स्वास्थ्य, कृषि, रोजगार र जलाधारः सुखी जनता समृद्ध तुर्माखाँदको आधार"** (सुशासन, समृद्धि र समाजवादको आधारः शिक्षा, स्वास्थ्य, कृषि, रोजगार र जलाधार) रहेको छ। यस सोचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अवलम्बन गरिनेछ ।

## १.सामाजिक विकास सम्बन्धि नीति तथा कार्यक्रम

### *क) शिक्षा*

१) लोक सेवा तथा शिक्षक सेवाका निशुल्क तयारी कक्षा संचालनका लागि व्यवस्था मिलाइनेछ।

२) सबै सरोकारवालाहरुको सामुदायिक विद्यालय प्रति अपनत्व कायम गरी शैक्षिक गुणस्तर वृद्धि गर्न कार्यान्वयनमा रहेको सरोकारवालाहरुका बालबालिकाहरुलाई सामुदायिक विद्यालयमा भर्ना गर्ने कार्यक्रमलाई थप व्यवस्थित र सुदृढ बनाइने छ

३) शैक्षिक गुणस्तरका लागि **"आकर्षक विद्यालय, व्यवस्थित कक्षाकोठा"** भन्ने मूल नारा सहित विद्यार्थीसँग अध्यक्ष भेटघाट कार्यक्रम संचालनमा ल्याइनेछ।

४) नमुना सामूदायिक विद्यालय कार्यक्रम मार्फत रणनीतिक योजना वनाइ वार्षिक सिकाइ उपलब्धि तथा अन्य व्यवस्थापकीय पक्षको मापदण्ड निर्धारण गरि वर्ष उत्कृष्ट विद्यालय घोषणा गर्ने व्यवस्था मिलाइनेछ।

५) पालिका स्तरीय कक्षा ८ को परिक्षालाई स्वच्छ र मर्यादित बनाउनको लागि एउटा वडाको पायक पर्ने विलालयमा परीक्षा केन्द्र तोक्ने,केन्द्राध्यक्षको नियुक्ती गरी परिक्षा सकिए पश्चात उत्तरपूस्तिकाहरु संकलन गरी पालिकामा परिक्षण गरी नतिजा प्रकाशन गर्ने नीति लिइनेछ।

६) सामुदायिक विद्यालय प्रतिको अपनत्व अभिबृद्धि गर्न गाउँपालिकाको शिक्षा ऐन तथा नियमावली निर्माण गरी शैक्षिक नीतिगत समस्यालाई समाधानमा सहजता बनाईने छ। माध्यमिक तहको शिक्षण सिकाई प्रक्रियालाई सहज र प्रभावकारी बनाईने छ

७) पालिकाभित्र रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुको पूर्वाधार तथा शैक्षिकस्तर सुधारकालागि **"एकीकृत शिक्षा विकास योजना"** तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

८) माद्यमिक तह (कक्षा ११- १२) संचालन भएका विद्यालयहरुमा पढ्दै कमाउँदै, कमाउँदै पढ्दै कार्यक्रम संचलानमा ल्याइनेछ।

९) प्रत्येक शुक्रबार विद्यार्थीमा भएको अन्तरनिहित प्रतिभाको पहिचान तथा प्रष्फुटन गराउने उद्धेष्यले टु डे इज फ्राइडे(आज शुक्रबार हो) कार्यक्रम संचालनको व्यवस्था मिलाइनेछ।

१०) विद्यार्थीको क्षमता विकास र गुणस्तर अभिबृद्धिका लाग प्रतियोगितात्मक अतिरिक्त क्रियाकलापजन्य कार्यक्रम बृद्धी गर्दै पालिकास्तरको वृहत शैक्षिक प्रदर्शनी मेला र विज्ञान प्रविधि सँग विद्यार्थी कार्यक्रमको प्रभावकारीतालाई ध्यान दिन पालिकाका सबै माद्यमिक विद्यालहरुको प्रतिनिधित्व हुने गरि विज्ञान शैक्षिक सम्मेलनको आयोजना गरि उत्कृष्ट विद्यार्थीहरुलाइ सम्मान गर्ने व्यवस्था मिलाइने छ।

११) शिक्षा नियमावली, शिक्षा नीति, बहुभाषा शिक्षा निर्देशिका जस्ता कानूनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

१२)गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम (१-८) तर्जुमा गरी लागु गरिएको छ यो वर्षदेखि कक्षा १ मा पाठ्यपुस्तक तयारी गरि क्रमश कक्षा ८ सम्म लागु गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१३)विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

१४)सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी मिलान एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ। साथै अन्य जिल्लाबाट सरुवा भएर आउने वा जाने शिक्षकहरुमा महिला, दलित महिला र जनजाति महिला भएमा उनिहरुलाई प्राथमिकता दिईनेछ ।

१५)**"उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान"** भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।

१६)एक शिक्षक एक ल्यापटप कार्यक्रम लागू गर्न यस आर्थिक बर्षमा तुर्माखाँद गाउँपालिका र शिक्षकको बराबरी लगानीमा ल्यापटप खरिद गरि सबै कक्षा १२ सञ्चालन भएका बिद्यालयहरुमा लागु गरिनेछ र आगामी बर्ष कक्षा १० सम्म सञ्चालनमा रहेका बिद्यालयहरुमा सुरु गरि क्रमश सबै बिद्यालयहरुमा लागू गरिनेछ ।

१७)शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने व्यवस्था गरिने छ।

१८)सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई कस्टमाइज तालिमको व्यवस्था गरिनेछ।

१९)कम्तिमा एक वर्ष कार्यअवधि बाँकी भएका प्रधानाध्यापकहरुसँग विद्यालय सुधार योजनाको आधारमा विद्यालयको आर्थिक, भौतिक तथा शैक्षिक गुणस्तर अभिवृद्धिका सूचकहरु सहितको कार्ययोजना माग गरी करारनामा गरिने छ भने कार्यअवधि समाप्त भएका विद्यालयहरुमा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि निर्माण गरी प्रतिष्पर्धाका आधारमा हरेक ५ वर्षमा प्रधानाध्यापक परिवर्तन गर्ने नीति लिइनेछ ।

२०)प्रत्येक वडाले विद्यार्थीका लागि बर्षमा तीन पटक अतिरिक्त क्रियाकलाप गराउन र पालिकाले बर्षमा दुईपटक गर्नुपर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२१) प्रथम चरणमा कक्षा १२ सञ्चालन रहेका माध्यमिक विद्यालयहरुमा इन्टरनेट जडान गरी ई-हाजिरी व्यवस्थापन गरिएकोमा क्रमशः सबै विद्यालयहरुमा लागु गर्ने कार्यलाइ निरन्तरता दिइनेछ। ।

२२)गाउँपालिका भित्र ९-१२ प्राविधिक शिक्षाको स्थापनाका लागि सम्बन्धित निकायमा पहल गरिनेछ। ।

२३)मापदण्ड अनुसार दरबन्दी मिलानको कार्य सम्पन्न गरी पालिकाको स्रोत साधन अनुसार आवश्यक दरबन्दी सिर्जना गर्दै शिक्षक व्यवस्थापन गर्ने कार्यलाई क्रमशः कार्यान्वयन गर्दै लगिने छ ।

२४)शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सबै सरोकारवालाहरुको सहभागिता र साझेदारीमा “**हामी बनाउछौं हाम्रो विद्यालय**” नामक तुर्माखाँद गौरवको योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ। यसका लागि सरोकारवालाहरुको योगदानको पहिचान तथा परिचालन गरि लागु गरिनेछ ।

२५)अन्तर स्थानीय तह, अन्तर जिल्ला, अन्तर प्रदेश तथा देशभरका सामुदायिक विद्यालयले शैक्षिक सुधारका लागि गरेका राम्रा अभ्यासहरुबाट सिक्न र उपयुक्त अभ्यासहरुलाई लागु गर्नका लागि प्रधानाध्यापक, शिक्षक तथा व्यवस्थापन समितिलाई आवश्यकता अनुसार भेला, सम्मेलन, अन्तरक्रियाका साथै अवलोकन भ्रमणको व्यवस्था गरिनेछ।

२६)आधारभूत तहमा कक्षा ५ र ८ तथा माध्यमिक तहमा कक्षा १० मा हुने अन्तिम परीक्षालाई स्तरीकृत परीक्षाको रुपमा सञ्चालन गर्ने नीतिगत व्यवस्था गरिने छ। उक्त परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, विद्यार्थी तथा विषय शिक्षकलाई प्रोत्साहानको व्यवस्था गरिने छ ।

२७)गणित, विज्ञान, सामाजिक अध्ययन, नेपाली, अंग्रेजी लगायतका अनिवार्य विषयहरु अध्यापन गराउने शिक्षकहरुको पालिकास्तरीय विषयगत समितिहरु निर्माण गरीने छ। विषयगत समितिलाई शिक्षण सिकाई क्रियाकलाप, आन्तरिक तथा वाह्य मूल्यांकन, प्रश्नपत्र निर्माण, आवश्यक तालिमको पहिचान तथा व्यवस्थापनको जिम्मेवारी दिइनेछ।

२८)तुर्माखाँद गाउँपालिकाभित्रकै सामुदायिक विद्यालयमा अध्ययन गरी प्राविधिक तथा उच्च शिक्षा अध्ययन गरिरहेका जेहेन्दार विद्यार्थीहरुलाइ छात्रवृत्ती प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२९)सामुदायिक विद्यालयहरुको सुन्दरता बढाउन विद्यार्थीहरुको सहभागितामा बालबालिका तथा बातावरण क्लब निर्माण गरी सम्पूर्ण विद्यालयहरुमा सुन्दर विद्यालय परियोजना सञ्चालनमा ल्याइनेछ।

३०)सामुदायिक विद्यालयहरुको शिक्षण सिकाईलाई प्रभावकारी बनाउन माद्यामिक विद्यालयहरुमा **अध्यक्ष डिजिटल शिक्षा** कार्यक्रम लागु गरिनेछ।

३१)विद्यालय बाहिर रहेका र बिचमै विद्यालय छोड्ने विद्यार्थिहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

३२)विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यवसायिक क्षमता विकासको लागि लगानी गरिनेछ साथै शीक्षक तथा कर्मचारिहरुलाइ

प्रोत्साहित गर्न पालिका उत्कृष्ट प्रधानाध्यापक शिक्षक विद्यालय कर्मचारीलाई सम्मान तथा पुरष्कृत गरिनेछ। र विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

३३) सबैका लागि सर्वसुलभ र पहुँचयोग्य शिक्षा प्रदान गर्ने उद्धेष्यले आवश्यकतालाइ मध्येनजर गर्दै सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी थप गर्दै शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

३४) माध्यामिक तथा आधारभुत विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ। गाउँपालिकामा एक सार्वजनिक पुस्तकालय तथा अध्ययन अनुसन्धान केन्द्र स्थापना गरिनेछ।

३५) विद्यालयहरुको शैक्षिक गुणस्तर मापदण्ड तयार गर्न विद्यालय कार्यसम्पादन स्व-मुल्यांकन परीक्षण मार्फत विद्यालयको तहगत रुपमा स्तरीकरण गरिने छ ।

३६) उच्च शिक्षाको सजिलै पहुँचका लागि तुर्माखाँद गाउँपालिकाको केन्द्रमा क्याम्पस स्थापना गरिनेछ र माध्यमिक विद्यालयहरुको आवश्यकता अध्ययन गरी कक्षा थप गर्ने नीति अवलम्बन गरिनेछ।

३७) पालिका भित्रको स्थानीय सामाजिक, साँस्कृतिक, वातावरणीय, कृषि, शिक्षा, पर्यटन लगायतका विषयवस्तुमा अध्ययन अनुसन्धानमा एम.फिल र पी.एच.डी.गर्ने विद्यार्थी र अन्य अनुसन्धान कर्तालाई विशेष प्रोत्साहन गरिनेछ।

३८) व्यवहारिक शिक्षाका लागि अवलोकन तथा शैक्षिक भ्रमण गर्ने विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ।

३९) **"बालबालिकालाई नियमति विद्यालय पठाँऔ, शिक्षाको गुणस्तर बढाऔं"** भन्ने मुलनाराका साथ अभिभावाक शिक्षा दिईनेछ। तुर्माखाँद गाउँपालिकाका विद्यालय जाने उमेर समूहका सबै बालवालिकालाई विद्यालयमा भर्नागरी आगामी वर्ष भित्र शिक्षामा सबैको पहूँच सुनिश्चित गरिनेछ।

४०) प्रत्येक विद्यालयमा आवश्यक्ताको आधारमा खेलकुद, साँस्कृतिक र शैक्षिक सामाग्रिहरु प्रदान गरिनेछ। विद्यार्थीहरुलाई स्वस्थ, नैतिक र चरित्रवान बनाउन नैतिक तथा योग शिक्षाको अवधारणा ल्याई सबै विद्यालयमा क्रमशः कार्यान्वयन गरिनेछ ।

४१) सामूदायिक सिकाइ केन्द्रको नियमन गरिनेछ।

***ख) संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम***

३३) तुर्माखाँद गाउँपालिकाको भाषा, साँस्कृति,रहनसहन, भेषभुषा, भौगोलिक अवस्थिति, धार्मिक,ऐतिहासिक तथा पुरातात्विक महत्वको संरक्षण तथा प्रचार प्रसार गर्न एउटा लोक देउडा गित भिडियो डकुमेन्ट्री सहित सार्वजनिक गरिनेछ।

३४) गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी र व्याकरण लेखन तथा प्रकाशन गरिनेछ।

३५) गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विभिन्न जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्न प्रर्वद्धन गरिनेछ।

३६) साहित्य, कला र संस्कृतिको संरक्षण गर्ने उद्देश्यले साहित्य महोत्सव आयोजना गरिनेछ ।

३७) पालिका भित्र मनाइने जात्रा, पर्व, मेला, पुजा, परम्परागत जिवनशैली, देउडागीत, ठाडीभाका, मारुनी नाँच, हुड्केउली पञ्चेबाजा,रत्यौली एवं अन्य साहित्यक तथा साँस्कृतिक सम्पदाहरुको मुख्य परिचयात्मक विवरण समेटी तुर्माखाँद गाउँपालिकाको साँस्कृतिक प्रोफाइल तयार गरी प्रकाशित गरिनेछ ।

### ग) युवा तथा खेलकुद सम्बन्धी  नीति तथा कार्यक्रम

३८) प्रत्येक माध्यमिक विद्यालयबाट खेलाडी छनौट गरी गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ।

३९) स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागी खेदकुद भन्ने मुल नाराका साथ अध्यक्ष कप अन्तरपालिका स्तरिय खेलकुद प्रतियोगितलाई निरन्तरता दिइनेछ।

४०) जिल्ला स्तरिय खेलकुद प्रतियोगिताबाट छनौट भई प्रदेश स्तरिय खेलकुदमा सहभागी हुने खेलाडिहरुलाइ पाँच हजारका दरले पुरष्कृत गर्ने नीतिलाइ निरन्तरता दिइनेछ।

४१) प्रशिक्षणका माध्यामबाट खेलाडिको वृत्ति विकास, क्षमता अभिवृद्धी र उत्प्रेरणा वृद्धी गरिनेछ।स्थानीय तहबाट जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरी स्वर्ण, रजत र कास्य पदक प्राप्त गर्ने खेलाडिहरुलाई विशेष सम्मान सहित प्रोत्साहन गरिनेछ।

४२) पालिका अन्तर्गतका माध्यमिक विद्यालय स्तरीय र वडा स्तरीय खेलकुद  प्रतियोगिता  संचालन गरिनेछ र साथै गाउँपालिका भित्र रहेका मा.वि. का खेलकुद शिक्षकहरुलाई खेलकुद प्रशिक्षण संचालन गर्ने व्यवस्था मिलाईनेछ।

४३) खेलकुद क्षेत्रको समग्र विकास र व्यवस्थापनका लागि गाउँपालिका, वडा स्तरमा खेलकुद विकास समिति गठन गरिनेछ।

४४) यस आवमा गाउँपालिकाको केन्द्रमा राँगाजुझेखाल विन्कान्ना र बाँसकाडामा निर्माणधिन गाउँपालिका स्तरिय खेलकुद मैदानको स्तरोन्नति गरी निर्माण कार्य सम्पन्न गरिनेछ।

४५) आर्थिक अवस्था कमजोर भएका तर खेलकुदमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडिहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

४६) महिला तथा किशोरीहरुलाई खेलकुदमा आकर्षित गर्न विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

४७) वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रमसंग आवद्ध गरिनेछ।

४८) युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "**विदेश हैन बिजनेस**" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

४९) युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ र सिप विकास तालिमहरु सञ्चालन गरिनेछ।

५०) विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

५१) युवाहरुलाई सक्षम, स्ववलम्बी, अनुशासित, नैतिकवान, बनाउनका लागि युवा क्लब, बाल क्लब, स्काट, रेडक्रस मार्फत युवा परिचालन गरी पालिका युवा विकास समिति गठन गरी कार्यान्वयन गरिनेछ।

### घ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

५२) महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बञ्चितकरणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

५३) ऐतिहासिक काल देखि दलित समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

"**हिंसा मुक्त तुर्माखाँद गाउँपालिका हाम्रो पहिचान**" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका लागि जीवन निर्वाहका कार्यक्रम संचालन गरिनेछ।

५४) विभेदमुक्त तुर्माखाँद गाउँपालिका निर्माणका लागि सबै प्रकारका विभेद(जातीय,लैङ्गिक,क्षेत्रीय,साँस्कृतिक, वर्गिय) विरुद्ध शुन्य सहनसिलताको नीति अवलम्बन गरिनेछ।

५५) गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

५६) गाउँपालिका तथा वडास्तरमा गठन भएका बाल क्लबहरु प्रभावकारी रुपमा परिचालन गरिनेछ। क्रमस सबै वडाहरुलाई बालमैत्रि वडा घोषणा गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ।

५७) महिला, दलित, जनजाती, अल्पसंख्यक र फरक क्षमता भएका समुदायलाई सीपमुलक, रोजगारमुलक तालिम दिइ आय आर्जनका क्रियाकलापमा सहभागी गराई महिलाले सञ्चालन गर्ने व्यवसायमा प्रोत्साहन गरिनेछ।

५८) महिला बिरुद्ध हुने सबै किसिमका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण तथा वित्तीय साक्षरता, कानुनी साक्षरता, शसक्तिकरणका कार्यक्रमहरु वडा तहबाट समेत सञ्चालन गरिनेछ।

५९) टुहुरा बालबालिकाको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

६०) अपाङ्गगता भएका व्यक्तिहरुको तथ्याङ्कलाई व्यवस्थित गर्न पालिका स्तरमा अपाङ्ग पहिचान शिविर संचालन गरि अपाङ्गता र ज्येष्ठ नागरिकका लागि डिजिटल परिचयपत्र उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

६१) छोरीलाई छोरा सरह अवसर एवं सम्पति दिने घर परिवारलाइ उचित सम्मान गरिनेछ।

६२) सामाजिक सुरक्षा भत्ता लिन नचाहने जेष्ठ नागरिकलाइ सार्वजनिक रुपमा सम्मान गरिनेछ।

६३) दलित, महिला, वालवालिका तथा फरक क्षमता भएका व्यक्तिहरुलाई शसक्तिकरण तथा मूलप्रवाहीकरण गर्न लक्षित कार्यक्रम लागू गर्नुका साथै कार्याविधि निर्माण गरि हेल्प डेस्क स्थापना गरी कार्यान्वयन गरिनेछ।

६४) गर्भवती तथा सुत्केरी आमा सँग **उपाध्यक्ष कार्यक्रम लाई** निरन्तरता दिइनेछ।

६५) नेपालको संबैधानिक व्यवस्था बमोजिम द्वन्द्वबाट पिडित भएका नागरिकहरुको हकहित संरक्षणका लागि प्रदेश सरकार, संघ सरकार र विभिन्न गैसस सँग समन्वय र सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ।

६६) महिनावारीको सवाललाई सम्मानजनक रुपमा समाजमा स्थापित गर्न मर्यादित महिनावारीलाई प्रवर्द्धन गर्ने गरी आवश्यक प्रबन्ध मिलाइनेछ।

### *ङ) स्वास्थ्य सम्बन्धि नीति तथा कार्यक्रम*

६७) यसै आवमा गाउँपालिकाको केन्द्रमा निर्माणधिन १० सैय्याको आधारभुत अस्पतालको निर्माण कार्य सम्पन्न गरी चिकित्सक सहितको अस्पताल सञ्चालनमा ल्याइनेछ। उक्त अस्पताललाई २० सैय्याको अस्पताल बनाउन सम्भाव्यता अध्ययन गरीनेछ।

६८) "**सबै आमाको हकः सुरक्षित गर्भ, सुरक्षित गर्भपतन**" भन्ने नारा सहित महिलाको प्रजनन् स्वास्थ्य अवस्था सुधार गर्दै शिशु तथा मातृ मृतुदरलाई न्यूनिकरण गरिनेछ। आङ्ग खस्ने लगायत अन्य रुग्णताको समयमै पहिचान गरी अन्तर पालिका साझेदारीमा विशेषज्ञ सेवा सहितको पालिका स्तरमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी थप उपचार र प्रेषणको व्यवस्था मिलाइनेछ।

६९) तुर्माखाँद गाउँपालिकाबाट जारी भएको "**विपन्न नागरिक औषधि उपचार सहायता कार्यविधि-२०८०**" मा उल्लिखित गम्भिर प्रकारका रोग **(मुटुरोग,क्यान्सर,स्पाइनल इन्जुरी, हेड इन्जुरी,कलेजो प्रत्यारोपण)** का

बिरामीलाई शल्यक्रिया (मेजर अपरेसन) गर्दा संक्रमित व्यक्तिहरूको औषधोपचार सहायतालाई निरन्तरता दिइनेछ।

७०) गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिकाको क्षेत्रभित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न आधारभुत अस्पताल, आधारभुत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र उपचारात्मक सेवालाई सहजरुपमा सर्वशुलभ र नियमित बनाइनेछ।

७१) "**उपाध्यक्ष संग महिला प्रजनन् स्वास्थ्य यातायात**" कार्यक्रमलाई निति लिईनेछ।

७२) **"बुढेशकालको सहारा अध्यक्षको नारा"** भन्ने हेतुले ६० बर्ष भन्दा माथिका जेष्ठ नागरिक, अशक्त तथा फरक क्षमता भएका नागरिकहरुका लागि निःशुल्क घरदैलो स्वास्थ्य परीक्षण तथा उपचार सेवालाई निरन्तर्ता दिइनेछ साथै फाल्गुन महिनालाई नसर्ने रोगको महिनाका रुपमा ३० बर्ष माथिका सबै नागरिकको स्वास्थ्य परीक्षण समुदाय स्तरमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

७३) **"तुर्माखाँदको समृद्धिका लागि स्वास्थ नागरिक"** भन्ने नाराका साथ बालबालिका,गर्भवती र सुत्केरी महिलाहरुको पोषण अवस्था सुधारका लागि समुदायमा आधारित स्वास्थ्य तथा पोषण प्रवर्द्धनका कार्यक्रमहरु लागु गरी म स्वस्थ, मेरो समुदाय स्वस्थ र घरटोलमा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।

७४) पालिकाभित्र संचालित स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गर्दै लगिनेछ र सबै स्वास्थ्य संस्थालाई डिजिटालाईजेसन गर्न आवश्यक उपकरणहरुको व्यवस्था गरिनेछ।

७५) घरमा हुने सुत्केरीलाई सुन्यमा झार्ने नीति लिइनेछ।संस्थागत सुत्केरी बढाउन सबै गर्भवती महिलाहरुलाई निःशुल्क रुपमा एम्बुलेन्स सेवा उपलब्ध गराई घरभेट सुत्केरी जाँचलाई सुधार गरिदै लगिने छ।

७६) महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवा प्रवाह क्षमतालाई अभिवृद्धि गरी स्वास्थ्य सुधारमा पु-याउनु भएको योगदानको कदर गर्दै उचित प्रोत्साहन सहित सम्मानको व्यवस्था गरिनेछ।

७७) निजी स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने सेवालाई प्रभावकारी वनाउन अनुगमन तथा नियमन संयन्त्रको विकास गरी कार्यान्वयनमा ल्याईनेछ।

७८) प्रत्येक घरधुरीमा स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ।पिछडिएका,गरिब,असाहाय, सिमान्तकृत, लोपोन्मुख लगाएतका लक्षित वर्गलाइ निःशुल्क स्वास्थ्य बिमा गरिनेछ।

७९) स्थानीय स्तरमा उत्पादन हुने जडिबुटी उत्खनन्, सङ्कलन तथा प्रशोधनको लागि सम्भाव्यता अध्ययन गरी आयुर्वेद उपचार पद्धतिलाई व्यवस्थित गरिनेछ।

८०) "**एक घण्टा आफ्नै लागि**" भन्ने नाराका साथ समुदाय स्तरमा योग तथा स्वास्थ्य जीवनशैली कार्यक्रम सञ्चालन गरी जेष्ठ नागरिकलाई रसायन औषधि वितरण गरिनेछ।

८१) पोषण मैत्री स्थानीय शासन अवलम्बन गर्दै स्वास्थ्य संस्थालाई किशोरकिशोरी मैत्री तथा पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्दै लगिनेछ।

८२) सु-पोषण पालिका बनाउन कुपोषण बालवालिका तथा गर्भवति महिलाहरुको तथ्याङ्क सङ्कलन गरी उचित व्यवस्थापन गरिनेछ। सबै वडाहरुमा **"पालिका पोषण कोशेली कार्यक्रम"** लागु गरिनेछ।

८३) विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालनको लागि प्रत्येक मा. वि. विद्यालयमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनुका साथै विद्यार्थिहरुको नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

८४) महिलाहरुमा हुने महिनावारी व्यवस्थापनको लागि स्यानिटरी प्याड बनाउने तालिमको व्यवस्था गरिनेछ। बाल विवाह न्यूनिकरणका लागि माद्यामिक तहमा अध्ययनरत विद्यार्थिहरुलाई सचेतनामुलक क्रियाकलाप सञ्चालन गरिने छ।

## २. आर्थिक निति:

### *क) उद्योग तथा पर्यटन सम्बन्धि नीति तथा कार्यक्रम*

८५) तुर्माखाँद गाउँपालिका कार्यालयमा दर्ता/ सुचिकृत नभएका गाउँपालिका भित्र संचालित उद्योग, वाणिज्य फर्म र अन्य संघ संस्थालाई दर्ता गर्नका लागी आ.व.२०८२/०८३ को २ महिना भित्र दर्ता हुने व्यवसायहरुलाई लाग्ने दर्ता दस्तुरमा २५% छुट गरिनेछ।

८६) तुर्माखाँद गाउँपालिकामा दर्ता भै संचालित उद्योग व्यवसायीले कम्तिमा ३ जना व्यक्तिहरुलाई प्रत्यक्ष रोजगारी प्रदान गरेमा गाउँपालिकामा लाग्ने बहाल कर र नविकरण शुल्क छुट गरिनेछ।

८७) उद्योग दिवसको अवसरमा गाउँपालिकामा दर्ता भै संचालनमा आएका उद्योगीहरुलाई सम्मान कार्यक्रम संचालन गरिनेछ ।

८८) पालिकामा सम्भावना रहेको रत्नपत्थर खोज, अनुसन्धान तथा अन्वेषणका लागि सम्बन्धित निकायसँगको समन्वय र सहकार्यका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

८९) औद्योगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ।

९०) उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ।

९१) पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

९२) गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक सञ्जालको कामलाइ निरन्तरता दिइनेछ।

९३) कर्णाली नदीको जंगलघाट, तुल्ता, असारा क्षेत्रलाई आधुनिक जल पर्यटकीय क्षेत्रका रुपमा विकास गरिनेछ।

९४) तितौडा, शिवगुफा,बागेश्वरी र त्रिपन्नीधाम लोडे, (पाणागडा तोल्ली), बागेश्वरी (नाडा), भनथान मालिकाडाँडा आमीकोटलाई धार्मिक पर्यटकीय क्षेत्रका रुपमा, नौखम्म, जुम्लीपडा, कैलुपाइला (तोषी), रहफको मालिका र देवल, धमालीको देबल, टिकाथला, सितापाईला रहफ, छुट्टेकृष्ण रानिवन, गाईपाइला रानिवन, कैलुपाइला र हुँम गर्ने डाडाँ लकान्द्र लगायतका क्षेत्रलाई पुरातात्विक पर्यटकीय क्षेत्रका रुपमा विकास गर्दै पर्यटकीय गन्तव्यका रुपमा विकास गरिनेछ।

९५) पालिका क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वको मठ, मन्दिर, पोखरी, गुफा, शिला, देवल आदिको अभिलेख राखी संरक्षणको व्यबस्था गरिनेछ।

### *ख) कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम*

९६) **आर्थिक समृद्धिको पहिलो आधार कृषि"** भन्ने मुल नाराका साथ राष्ट्रिय अर्थतन्त्रको विकासको मेरुदण्डको रुपमा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्न जोड दिइनेछ। निर्वाहमुखी कृषि प्रणालीलाइ रुपान्तरण गरी कृषि क्षेत्रको आधुनिकिकरण व्यावसायिकरण तथा कृषि उपजको भण्डारणमा समुचित प्रबन्ध मिलाइनेछ।

९७) गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन,उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न माटो शिविर सञ्चालन गरि माटो अनूकुल उपयुक्त क्षेत्रमा उपयुक्त बाली लगाउन कृषकलाई सहजिकरण गरिनेछ।

९८) स्वास्थ माटो, स्वास्थ जीवन भन्ने नाराका साथ माटो परीक्षण नतिजाको आधारमा रैथाने बालीको प्रवर्द्धनको लागि स्थानीय स्तरमा गुणस्तरीय प्राङ्गारिक मल उत्पादन प्रविधि प्रसारका लागि "**एक वडा एक कृषक/पोषण पाठशाला**" सञ्चालन गरिनेछ।

९९) गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्कको आधारमा किसान परिचयपत्र वितरणको व्यवस्था गरिनेछ।

१००) बाँझो जमिनमा खेति गर्न प्रोत्साहन गरी अनुदानको व्यवस्था मिलाईने छ। कृषकहरुलाई उत्पादनका आधारमा नगद अनुदान उपलब्ध गराईनेछ।

१०१) टिमुर खेति विस्तारको लागि सम्भाव्यता अध्ययन सँगै पकेट क्षेत्रको निर्धारण गरिनेछ।

१०२) स्थानीय कृषि उपजको विक्रि वितरणका लागि कृषि हाटबजार, संकलन केन्द्र, शित भण्डार स्थापना सँगै बजार मुल्य निर्धारण गरि संचालन गरिनेछ ।

१०३) कृषकको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम जस्तै मौसमी, बेमौसमी तरकारी खेति,पोषणयुक्त कृषक पाठशाला र फलफूल वगैचा सुधार सम्बन्धी तालिम संन्चालन गरिनेछ।

१०४) नेपालको राष्ट्रिय फलफुल र तुर्माखाँद गाउँपालिकाको हावापानी एवम उत्पादनको दृष्टिकोणले बृहत सम्भावना बोकेको सुन्तलाका पुराना बगैचामा देखिइएका समस्याहरु पहिचान गरि बगैचा सुधार कार्यक्रम संचालनमा ल्याइनेछ।

१०५) "**एक घर एक करेसाबारी,बाह्रै महिना हरियो र पोषिलो तरकारी**" भन्ने नारा सहित एक वडा एक नमुना टोल छनौट गरी कार्यक्रम संन्चालन गरिनेछ।

१०६) जलवायु परिवर्तनको बढ्दो असर संगै कृषि बालीबस्तुमा बढेको रोगकिराको प्रकोपलाई कम गर्न स्थानीय स्तरमै जैविक विषादी तथा झोलमल बनाउने समबन्धी तालिमको व्यवस्था गरिनेछ।

१०७) अगुवा किसानलाई नयाँ प्रविधि अवलम्बन र नयाँ ज्ञान सीपको विकास गराउनलाई अन्तर जिल्ला भ्रमणको व्यवस्था मिलाइनेछ।

१०८) गाउँपालिकामा पशुपालनका लागि उच्च सम्भावनाको क्षेत्र भएकाले दुग्ध तथा मासुजन्य उत्पादनमा आत्मनिर्भर बनाउनका लागि स्थानीय पशुहरुमा नश्ल सुधार गरी कृत्रिम गर्भाधान मिसन तथा भैसीलाई सुत्केरी भत्ता कार्यक्रम संचालन गरिनेछ।

१०९) "**बैङक छ घरमा नगद हुन्छ जम्मा**" भन्ने मुल नाराका साथ बाख्रालाई घरेलु वैंकको रुपमा विकास गरि आर्थिक आयआर्जन गर्न बाखा प्रर्वद्धन/पकेट विकास कार्यक्रमलाई संचालन गरि रोजगारी सृजना गरिनेछ।

११०) पशुवस्तुमा महाँमारीको रुपमा फैलन सक्ने सम्भावाना भएका रोगहरु खोरेत, भ्यागुत्ते, PPR रोगहरुलाई नियन्त्रण गर्नका लागि आकश्मिक पशु उपचार कोष स्थापना गरी खोप अभियान कार्यक्रम संचालन गरिनेछ।

१११) उपचार सेवालाई प्रभावकारी वनाउन "**घर घरमा प्राबिधिक सेवा उत्पादनमा टेवा**" भन्ने मुल नाराका साथ कृषिप्रसार सेवाको पहुँचलाई कृषकको घरदैलोमा सेवा पुऱ्याउन, पशुपन्क्षी उत्पादनमा देखा पर्ने प्राविधिक समस्याको समाधान गर्न वडा स्तरमा प्राविधिक कर्मचारी परिचालन गरिनेछ। "**एक गाउँ एक कृषि प्राविधिक" को** नीति अवलम्बन गरिनेछ ।

११२) कुकुरबाट मानिसमा सर्ने प्राणघातक जुनोटीक रोगको जोखिमलाई न्यूनिकरण गर्न सबै वडामा रेविज खोप अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै वडा स्तरमा विषेशज्ञ सेवा सहितको पशु स्वास्थ्य शिविर सञ्चालन गरीनेछ।

११३) "**गरौं व्यवसायिक पशुपन्क्षी र कृषि यसैबाट सुरु हुन्छ तुर्माखाँदको समृद्धी**" भन्ने मुल नाराका साथ कृषि विकास रणनीति अनुरुप प्रदेश तथा स्थानिय सरकारको सहकार्यमा पशुपन्क्षी आधुनिक खोर गोठ सुधार र अपाङ्ग उत्थान कुखुरा श्रोत केन्द्र कार्यक्रम संचालन गरिनेछ।

११४) मासु पसल तथा व्यवस्थित बधशालाको पूर्वाधारमा स्तरोउन्नती गरी स्वास्थ्य मापदण्डमा रहि स्वच्छ मासु उपभोक्तालाई उपलब्ध गराउने कार्यमा टेवा पुऱ्याइनेछ।

११५) एक वडा एक उत्पादन कार्यक्रम लागू गरी औचित्यका आधारमा भैंसी, बाख्रा, बंगुर, कुखुरा तथा माछा पालन सम्बन्धि कार्यक्रम संचालन गरीनेछ। गाउँपालिकामा उन्नत नश्ल बाख्रा स्रोत केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

११६) नमुना संकलन गरि पशुपन्छीको रोग पहिचानमा प्रभावकारी निदान/उपचार गर्नका लागि पशु प्रयोगशाला स्थापना गरी सञ्चालन गरिनेछ।

११७) गाउँपालिकाको सबै वडाहरुमा गठन भई दर्ता भएका कृषक समुहको साझेदारीमा उन्नत जातका राँगा, बोका वितरणको अबधारणा ल्याइनेछ।

११८) व्यबसायिक पशुपालन गर्दा उत्पादन लागत घटाई उत्पादन तथा उत्पादकत्व वढाउनका लागि उन्नत घाँसको नर्सरी स्थापना गरी यस पालिकालाई उन्नत घाँसेवालीमा आत्मनिर्भर बनाई उन्नत घाँसको विउ बेर्ना निर्यात गरिने छ।

### *ग) सहकारी, गरिबी निवारण, रोजगार तथा लघु उद्यम सम्बन्धि निति*

११९) सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणको लागि अनुगमनलाई प्रभावकारी बनाइनेछ।

१२०) गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित गरिनेछ।

१२१) यस पालिकाको कार्यक्षेत्र भित्र दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरुलाई कोपोमिसमा आवद्ध गराईनेछ।

१२२) पालिकामा दुना टपरी उद्योग खोली महिलाहरुको आय आर्जनमा बृद्धी गरी स्वरोजगार बनाउन प्रत्येक वडामा सम्पर्क कार्यालय स्थापना गरी उद्योगले अनिवार्य खरिद गर्ने परिपाटीको विकास गरिनेछ र गाउँमा विवाह बर्तबन्ध र मृत्यू संस्कारमा बजारका सामाग्री नल्याइ गाउँमै उत्पादित बस्तु खरिद गर्ने परिपाटीको विकास गरिनेछ।

१२३) सहकारी टोल,वडा र पालिका घोषणा गर्नका लागि ९५ प्रतिशत घरधुरी वा जनसंख्या सहकारी संस्थामा आबद्धता भएमा सहकारी क्षेत्र घोषणा गर्न पाउने व्यवस्थालाई अवलम्बन गरिनेछ।

१२४) सम्पूर्ण घरधुरी सहकारीमा आबद्ध हुनका लागि पालिकामा स्थापित सहकारी संस्थलाई सक्रीय बनाउने, दर्ता भई संचालनमा नरहेका सहकारी संस्थाहरुलाई आवश्यक मापदण्ड बनाई खारेजी वा पुन संचालनको लागि विशेष नीति अवलम्बन गरिनेछ।

१२५) गरिबी निवारणको लागी लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिक २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमि सृजना,उद्यमीको स्तरोन्नतीका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१२६)सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागी प्रविधि हस्तान्तण गरिनेछ।

१२७)आ.व.२०८२/०८३ भित्र यस गाउँपालिकामा दर्ता भई संचालनमा आएका व्यवसायहरुलाई दिगो र नाफामुखि व्यवसाय संचालनका लागी उद्यमशिलता विकास तालिम प्रदान गरिनेछ।

१२८)"**युवासँग सरकार, हुने छैनन् बेरोजगार**" अभियानलाई कार्यान्वयन गर्न स्थानीय स्तरमा युवा रोजगारीका कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१२९)गाउँपालिकामा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रदान गरी सार्वजनिक पूर्वाधारको विकास निर्माण सँगै सामाजिक संरक्षणको प्रत्याभूति गराईनेछ।

१३०)गाउँपालिकाले सञ्चालन गर्ने योजना तथा आयोजनाहरुमा आवश्यक श्रमिकहरु पूर्ति गर्दा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईनेछ।

१३१)बैदेशिक रोजगारिमा रहेका व्यक्तिहरुको तथ्याङ्कक संकलन गरि रोजगार सम्बन्धि रणनिति तयार गरि लागु गरिनेछ र रोजगार सेवा केन्द्रबाट आन्तरिक तथा वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिका लागि परामर्श सेवा तथा रोजगार सहायता सेवा उपलब्ध गराइनेछ ।

१३२)गाउँपालिका तथा वडामा सञ्चालन हुने आयोजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रम सँग साझेदारी गरी संचालन गरिनेछ।

१३३)आन्तरिक रोजगारी तथा स्वरोजगारीका अवसर तथा सम्भावनालाई दीगो बनाउन रोजगार सेवा केन्द्रवाट एकीकृत श्रम तथा रोजगार सेवा उपलब्ध गराइनेछ।

१३४)स्थानीय स्तरमा रोजगारीका अवसर तथा सम्भावनाहरुको खोजी गर्नका लागि रोजगार सम्वाद मञ्चलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

### *३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम*

१३५)नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई **"डिजिटल पालिका"** बनाउन विशेष पहल थालिनेछ। पालिकाको सम्पूर्ण तथ्याङ्कलाई व्यवस्थित हुने गरी तुर्माखाँद गाउँपालिकाको एकिकृत "**डिजिटल प्रोफाईल"** निर्माण गरिनेछ ।

१३६)सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित गर्न प्रयोग भैरहेका सफ्ट्वेयर प्रणालिलाइ अद्यावधिक गर्दै आवश्यक नयाँ सफ्ट्वेयर प्रणालीको प्रयोग गर्ने व्यवस्था मिलाइनेछ।

१३७)गाउँपालिका अन्तर्गत रहेका सबै सरकारी कार्यालयहरुमा कर्मचारीहरुको विवरण व्यवस्थित गर्न हाजिरी अभिलेख पालिकाबाटै व्यवस्थापन गर्न मिल्ने गरि इ-हाजिरिको व्यवस्था गरिनेछ।

१३८) गाउँपालिकामा सञ्चालित सूचना प्रविधि केन्द्र व्यवस्थित बनाउनका लागि अभिलेख केन्द्रको रुपमा विकास गरिनेछ। स्थानीय डाटासेन्टरलाई एकै ठाउँमा व्यास्थापन गरी सूचना प्रणालीलाई सुधार गर्दै लगिनेछ। सूचना र प्रविधिलाई पहुँच पुऱ्याउन कर्मचारी तथा जनप्रतिनिधिरुलाई ICT सम्बन्धि तालिमको व्यवस्था गरिनेछ ।

१३९) "**ईन्टरनेट आजको आवश्यक्ता भन्ने मुल नाराका साथ"** पालिकाको केन्द्र तथा सम्पूर्ण पालिका अन्तर्गतका कार्यालयहरुमा ईन्टरनेट फाईबरलाईन विस्तार गरि सूचना प्रवाहमा सहजता ल्याइनेछ।

१४०)सूचना प्रविधिको प्रयोग जनताका जनगुनासा, सुझाव सुनुवाई तथा सम्बोधन गर्न सहज बनाउनका लागि डिजिटल माध्यमबाट विभिन प्रणालीको प्रयोगलाई अनिवार्य गरिदै लगिनेछ।

१४१)सूचनाको हक ऐन र निमावलीले गरेको व्यवस्थाको अधिकाधिक कार्यान्वयन द्धारा संविधान प्रद्धत सूचानाको हकलाई संरक्षण गरिनेछ ।

१४२)जिल्ला भरका संचार माध्यमहरुको बलियोपना र पत्रकारहरुको क्षमता विकासका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

## *४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम*

१४३) न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न न्यायिक समिति तथा मेलमिलाप केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी कानूनी सचेतना कार्यक्रम संचालन गरिनेछ।

१४४) न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान, सिप र क्षमता विकासका कार्यक्रमहरु पारित गरी कार्यान्वयन गरिनेछ।

१४५) सभाबाट हालसम्म निर्माण भएका स्थानीय कानूनहरुलाई अधावधिक गरी स्थानीय कानून संग्रहित गरी स्थानीय कानून संग्रहका रुपमा प्रकाशन व्यवस्थापन गरिनेछ।

१४६) न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ **डिजिटल जस्टिस सिस्टममा आवद्ध** गरिनेछ।

१४७) सबै गाउँपालिका बासीहरुलाई छीटो छरितो पहुँच योग्य र प्रभावकारी न्याय सेवा प्रबाह गर्न न्यायिक समिति र मिलमिलाप केन्द्रबाट विवाद सुनूवाई गर्न आवश्यक मेलमिलाप कर्ताहरुको लागि आधारभुत तालिमको व्यवस्था गरिनेछ।

१४८) न्यायिक समिति तथा मेलमिलाप केन्द्रमा दर्ता भएका विवादहरुको मेलमिलापको माध्यामबाट मिलापत्र गराउन सबै वडा कार्यालयमा स्थापना भएका मेलमिलाप केन्द्रलाई थप प्रभावकारी बनाउन आवश्यक स्रोतसाधनको व्यवस्था गरिने छ।

१४९) घरेलु तथा लैङ्गिक हिंसा पिडित महिला बालबालिका तथा जेष्ठ नागरिकहरुलाई तत्कालिन आवश्यक मानविय तथा आर्थिक सहयोगको व्यवस्था गरिनेछ ।

१५०) मानवअधिकार सम्बन्धि सचेतना अभिवृद्धिको कार्यक्रम सञ्चालन गरिनेछ।

## **५. सुशासन तथा क्षमता विकास एवं सार्वजनिक सेवा प्रवाह सम्बन्धी नीति तथा कार्यक्रम**

१५१) आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्र्यौट गर्ने कार्यलाई प्रभावकारी ढंगले संचालन गर्न वेरुजु फर्छ्यौट कार्ययोजना तथा वेरुजु व्यवस्थापन सफ्ट्वेयर निमार्ण गरी कार्यान्वयन गरिनेछ।

१५२) गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।

१५३) प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका कार्यालयको सूचनापाटी, डिजिटज बोर्ड तथा वेवसाइटमा प्रोएक्टिभ रुपमा प्रकाशित गरिनेछ।

१५४) जनप्रतिनिधि तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण तथा तनाव व्यवस्थापन कार्यक्रमलाई परिणाममुखी बनाईनेछ।

१५५) गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ। सो कार्यलाई प्रभावकारी बनाउन गाउँपालिका अन्तरगतका सम्पूर्ण कार्यालयहरुमा गुनासो तथा सुझाव पेटिका राख्ने व्यवस्था मिलाइनेछ।।

१५६) गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर व्यवस्था गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ।

१५७) संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्यको नीति अवलम्बन गरिनेछ।

१५८) गाउँपालिका भित्र कार्यक्षेत्र रहेका सरकारी/गैरसरकारी संघसंस्थालाई कानून बमोजिम नियमन गरिनेछ।

१५९) स्थानीय खरिद नियमावलीका साथै सार्वजनिक सेवालाई सरल,सहज,पारदर्शी र जनमुखि बनाउन आवश्यक कानून निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ।

१६०) गाउँ कार्यपलिकाको कार्यालयमा सोधपुछ कक्ष, दर्ता चलानी, गुनासो तथा सुझाव पेटिकालाई व्यवस्थित गरिनेछ। नागरिक बडापत्र कार्यान्वयन समिति र गुनासो सुनुवाइ समिति गठन गरी कार्य प्रभावकारी बनाइनेछ।

१६१) सेवा प्रवाह जवाफदेहिता अपनाउनुका साथै अपारदर्शीता विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ।

१६२) कानून बमोजिम आवश्यक्ता र कार्य सम्पादन मूल्याङ्कन बमोजिम कर्मचारी थपघट गरिनेछ।

१६३) कानून बमोजिम उपभोक्ता समूह, टोल विकास संस्था र अन्य संघ संस्था तथा समितिलाइ दर्ता गरी नियमन गरिनेछ।

१६४) गाउँपालिका स्थापना दिवशका अवसरमा स्थानिय सेवाका कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कनका आधारमा प्रोत्साहन एवं दण्ड तथा पुरस्कारको नीति लिइनेछ।

१६५) स्थानीय कानून निर्माण संशोधन तथा पुनरावलोकन गर्न गठित विधायन समिति र कानून मस्यौदा तर्जुमा समितिको काम कर्तव्य र अधिकारलाई थप व्यवस्थित गर्न समितिका पदाधिकारी र कर्मचारीहरुलाई आवश्यक ज्ञान सिप र क्षमता अभिवृद्धिको लागि कानूनी सचेतना सम्बन्धि तालिमको व्यवस्था गरी कानूनी राज्यको अवधारण अनुसार हाल सम्म उपलब्ध स्थानीय कानूनको जानकारी दिनुको साथै आवश्यक पर्ने अन्य कानूनहरुको निर्माण गरी सुशासनको प्रत्याभुति दिन आवश्यक व्यवस्था मिलाइनेछ।

१६६) गाउँपालिकाभित्रका काम कारवाहीलाइ पारदर्शी र जवाहदेही बनाउन सार्वजनिक सुनुवाइ कार्यक्रमलाइ सघन रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

## *६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम*

१६७) सामूदायिक,कवुलियति र नीजि बन क्षेत्रको अभिलेखिकरण गरी संचालन,नियमन र दिगो व्यवस्थापन र संरक्षण गर्ने व्यवस्था मिलाइनेछ र पालिकाभित्र रहेका सामूदायिक वनको मूल्याङ्कन गर्दै राम्रो गर्ने बन उपभोक्ता समूह लाइ पालिकाले सम्मान गर्ने नीति अवलम्बन गरिनेछ।

१६८) बिश्व जलबायु परिवर्तनमा देखिएका समस्यालाई मध्येनजर गरी त्यसको न्युनिकरण गर्न आबश्यक कार्यक्रमको ब्यबस्था मिलाईने छ।

१६९) खाली जग्गामा वृक्षारोपण हरीयाली प्रबर्द्धन तथा वातावरण संरक्षण गरी जल जमिनको समुचित प्रयोग गरी जनताको जिविकोपार्जनमा सुधार ल्याउने नीति अवलम्बन गरिनेछ।

१७०)गाउँपालिका जलवायु परिवर्तन स्थानीय अनुकुलन (LACC) परियोजनासँग साझेदारी गरि वातावरण संरक्षण,बायो इन्जिनियरिङ्ग,तट्बन्धन निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१७१)गाउँपालिकामा बनेको बिपद ब्यबस्थापन कार्यविधिलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आबश्यक कार्यक्रम सञ्चालन गरीनेछ।

१७२)गाउँपालिकामा वन तथा वातावरणलाई संरक्षण गर्नको लागि आगलागिबाट बचाउन अग्निरेखा तथा बन संरक्षण सम्बन्धि आबश्यक ऐन तथा कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ।

१७३)गाउँपालिकाको बिपद जोखिमयुक्त क्षेत्र रेखाङ्कन गरि सोही आधारमा बिशिष्ट प्रकृतिका बिपद जोखिम प्रतिकार्य पुनःउत्थानका कार्यक्रमहरुलाई प्रभाबकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाईने छ।

१७४)संवेदनशिल जलाधार क्षेत्रका जमिनहरुलाई अतिक्रमण रोक्न तथा नियन्त्रण गर्नको लागि व्यवस्थित रुपमा कार्यक्रम बनाई सञ्चालन गरीनेछ।

१७५)फोहोरमैला ब्यबस्थापन ऐनलाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि आवश्यक कार्यविधि बनाई फोहोरमैला ब्यबस्थापनलाई कार्यान्वयनमा ल्याईनेछ।

१७६)वायु प्रदुषण मापन गर्न AQI (Air Quilt Index) मेसिन जडान गरी वायु प्रदुषण नियन्त्रणका कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१७७)वडा स्तरीय विपद व्यवस्थापन समितिको क्षमता अभिवृद्धिका कार्यक्रहरु संचालन गरी विपद पुर्व तयारीका कार्यक्रमहरु संचालन गरिनेछ।

१७८)पुर्व सूचना प्रणालीलाई प्रभाकारी तुल्याउने प्रभावित स्थानको पहिचान गरी (IVR) प्रणाली लागु गरीनेछ।

## *७. खानेपानी तथा सरसफाई*

१७९) नेपालको संवैधानिक व्यवस्था बमोजिम सबै नागरिकलाई खानेपानी उपलब्ध गराउन तथा दिगोविकास लक्ष्य प्राप्ती र सबै नागरिकको पहुँचमा स्वच्छ खानेपानी सुनिश्चितताका लागि एक घर एक धाराको नीतिलाई निरन्तरता दिइनेछ।

१८०) खानेपानी तथा सरसफाई ऐन २०७९ ले व्यवस्था गरे बमोजिमका सबै कार्यक्रमहरुलाई निरन्तर्ता दिई पूर्णरुपमा कार्यान्वयमा ल्याउने ब्यबस्था मिलाईने छ।

१८१) खानेपानी तथा सरसफाई स्वच्छतालाई प्रभावकारी रुपमा संचालन गर्नका लागि विद्युतीय प्रणालीमा अभिलेखीकरण गर्न WASH PLAN निर्माण गरीनेछ।

१८२) गाउँपालिका जलवायू परिवर्तन स्थानीय अनुकुलन (LACC) परियोजना सँग साझेदारीमा जलउपयोग गुरुयोजनामा रहेका खानेपानी तथा सरसफाई,सुधारीएको पानि घट्ट योजनाहरुलाई प्राथामिकिकरण अनुसार कार्यान्वयन गरिनेछ।

१८३) गाउँपालिका स्तरिय खानेपानि तथा सरसफाई योजना मर्मत सम्भार कोष स्थापना गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ।

१८४) खानेपानि तथा सरसफाई योजना उपभोक्ता संस्था तथा समितिहरुलाई गाउँपालिकामा दर्ता गरी नियमित रुपमा बार्षिक नविकरण गर्ने ब्यबस्थालाई निरन्तरता दिइनेछ।

१८५) गाउँपालिका भित्र रहेका स्थानीय बजार तथा समूदाय स्तरको फोहोरमैला व्यवस्थापनको लागि आवश्यक ऐन तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

१८६) नेपाल सरकारले तयार गरेको पुर्ण सरसफाई निर्देशिका मापदण्ड अनुसार योजना टोल बिद्यालयहरु पुर्ण सरसफाई तथा तिन तारा विद्यालय कार्यक्रम लाई निरन्तर्ता दिईनेछ।

१८७) पालिकामा निर्माण सम्पन्न खानेपानी योजनाहरुलाई दिगो व्यवस्थापनको लागि खेर गएको पानीलाई सदुपयोग गर्न कृषि शाखा तथा अन्य संघसंस्था सँग परामर्श गरी खानेपानी पहुँच पुगेका सबै घरधुरीमा घरवारी व्यवस्थापनलाई निरन्तर्ता दिइनेछ।

## ८. भौतिक पुर्वाधार विकास,शहरी योजना, वस्ती विकास, आवास तथा पूर्वाधार सम्बन्धी नीति तथा कार्यक्रम

### *क) भौतिक पुर्वाधार विकास र शहरी योजना सम्बन्धि नीति*

१८५) गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरवका आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ।

१८६) गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१८७) यसै बर्ष वडा नं. १ र ६ को वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न गरि सञ्चालनमा ल्याईने छ साथै वडा नं. ५ को वडा कार्यालय भवन निर्माण कार्यको थालनी गरिनेछ।

१८८) गाउँपालिका क्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ। आवासीय भवनमा "**एक घर-एक विरुवा**" नीतिलाई निरन्तरता दिइनेछ।

१८९) गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ।

१९०) भौतिक पूर्वाधार अन्तरगत निर्माण भएका संरचनाहरुको गुणस्तर परीक्षण गरिने व्यवस्था मिलाइने छ।

### *ख) सडक तथा यातायात*

१९१) गाउँपालिकाको केन्द्र देखि भुलु रहफ जोड्ने सडक निर्माणको योजनालाई निरन्तरता दिईने छ र अन्य सबै वडा कार्यालय पुग्ने सडकलाई स्तरोन्नती गरी बाह्रै महिना सञ्चालनमा ल्याउने व्यवस्था गरिनेछ।

१९२) वेलखेत-असारा-चिउराखाँद–जंगलघाट, बगुरखाल-चिउरीमेला-चिसी, तुर्माखाँद ५ नाडाको थोलु दोविना देखि वेतान हाईड्रो पावर, विजुकोट-सेलाघाट पहुँच मार्ग, पुनेपाटा-धमाली-वेलखेत र ढुङ्गाफाल्ने थान देखि पुत्रा जंगलघाट जोड्ने सडक निर्माणको योजनालाई निरन्तरता दिईनेछ।

१९३) तुर्माखाँद गाउँपालिकाको केन्द्रमा यातायात पार्किङ्ग स्थलको निमार्णका लागि पहल गरिनेछ।

१९४) गाउँपालिकाको सडक गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

१९५) गाउँपालिका भित्र निर्माण हुने सडकहरुमा यदि ह्याभी इक्यूमेन्ट प्रयोग गर्नुपर्ने भएमा अनिवार्य रुपमा वोलपत्रको माध्यमवाट निर्माण गर्ने व्यवस्था गरिनेछ।

१९६) गाउँपालिका भित्रका कुनै पनि सडकको स्तरोन्नति गर्दा कम्तिमा कच्ची नाली अनिवार्य गरिनेछ। कच्ची नाली निर्माण नगरी सडक निर्माण गर्ने अनुमति दिइनेछैन।

१९७) तुर्माखाँद—भुलु-रहफ, पुनेपाटा-धमालि—बेलखेत, बेलखेत-असारा-चिउराखाँद-जंगलघाट, रहफ-असारा-वेलखेत, तुर्माखाँद-नाडा-ढुङ्गाचाल्ला, तुर्माखाँद-नाडा-बेतान कर्णाली, बाँसकाँडा—बगुरखाल-कुनिगडा सडकलाई गाउँपालिकाको गौरवको योजनाको रुपमा विकास गरिनेछ र सडक छेउमा बायो इन्जिनियरिङ्ग प्रविधिका साथै बृक्षारोपण गरिनेछ।

१९८) गाउँपालिका भित्रका सडकहरुको अधिकार क्षेत्र तोकी सडकको अधिकार क्षेत्र भित्र अनाधिकृत रुपमा संरचना निमार्ण कार्यमा रोक लगाइनेछ।

१९९) सडक निर्माण सम्बन्धि मापदण्ड तर्जुमा गरी विद्यमान तथा नयाँ निर्माण हुने सडकहरुलाई वातावरण मैत्री बनाइनेछ।

२००) सबै वडा कार्यालयका केन्द्र सम्म जोड्ने सहायक सडकहरु आवश्यकताका आधारमा विस्तार तथा स्तरोन्नती गरिनेछ।

२०१) पालिका भित्र रहेका जङ्गलघाट, तल्लो डुङ्गेश्वर, लामादुवाला र कुनिगडामा पक्कि पुल निर्माणका लागि आवश्यक पहल गर्नुका साथै अन्य झोलुङ्गे पुलहरुको लगत अध्यावधिक गरि सोको रेखदेख तथा मर्मत सम्भार र आवश्यक स्थानमा नयाँ झोलुङ्गे पुल निर्माणका लागि आवश्यक पहल गरिनेछ।

### *ग) भवन संहिता र घर नक्सा पास सम्बन्धी नीति*

२०२) भवन अभिलेखिकरण कार्यविधि तयार गरी गाउँपालिका क्षेत्रमा भएका पक्की र कच्ची सबै घरको अभिलेखिकरण गरिनेछ। मापदण्ड अनुसार नयाँ बन्ने घर लगायतका संरचनाको नक्सा पास र दर्ता गरी अभिलेखिकरण गर्ने नीति लिईनेछ।

२०३) नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२०४) पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारका रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

२०५) पूर्वाधार निर्माण गर्दा महिला,ज्येष्ठनागरिक,वालबालिका,असक्त अपाङ्गमैत्री साथै वातारणमैत्री हुने गरी निर्माण गरिनेछ।

२०६) भुकम्प प्रतिरोधी भवन निर्माणका लागि आवश्यक सिकर्मी डकर्मी जस्ता दक्ष जनशक्ति तयार गर्न विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुको समन्वयमा उपयुक्त तालिमको व्यवस्था गरिनेछ।

२०७) एकिकृत शहरी तथा वस्ती विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ। ।

२०८) बहु विपद जोखिम नक्साङ्कन र राष्ट्रिय भवन संहिता अनुरुप घर नक्सा पासका लागि योजना तथा भवन मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

२०९) बसाइसराइलाई न्युनीकरण गर्न एकीकृत तथा नमुना वस्ती विकास कार्यक्रम सञ्चालनमा ल्याइने छ।

२१०) विपन्न दलित र पछाडि पारिएका समुदायका लागि सुरक्षित नागरिक आवास तथा भवन आचारसंहिता तथा मापदण्ड बमोजिम नक्शा पास गरि घर निर्माण इजाजत दिने कार्यको थालनी गरिनेछ।

२११) विपद तथा अन्य कार्यबाट जोखिममा रहेका घर परिवारलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था गराइनेछ

२१२) गाउँ पालिका भित्रका सम्पूर्ण घरधुरीको संख्या गणना गरी घर नम्बर कायम गरिनेछ।

२१३) सबै विद्यालयहरुलाई क्रमशः टिनको छाना मुक्त गरि पक्कि भवन निर्माण गर्ने लक्ष्य लिइनेछ।

### *घ) सहरी विकास, आवास तथा भूमी व्यवस्थापन*

२१४) भूमिहीन दलित/भूमिहिन सुकुम्बासी र अब्यबस्थित बसोबासीहरुको ब्यबस्थापनका लागी भूमि समस्या समाधान आयोगसंगको समन्वय र सहकार्यमा स्थानीय तहमा भूमि शाखा स्थापना गर्नुका साथै जग्गा नाप जाँच गरि जग्गा धनी प्रमाण पुर्जा नपाएका जग्गा धनीहरुको जग्गा दर्ता गरि प्रमाण पुर्जा वितरण गरिनेछ ।

२१५) **"हाम्रो अमिन-ब्यबस्थित जमिन"** भन्ने मुल नाराका साथ अत्याधिक जनसंख्या वृद्धि संगै कृषियोग्य जमिनमा हुने खण्डिकरणलाई नियन्त्रण गर्न आवासिय क्षेत्रमा मात्र बस्ति बिस्तार गरिने छ।

२१६) **"स्थानिय तहमा अमिनको साथ-लालपूर्जा हातहात"** भन्ने मुल नाराका साथ मालपोत कार्यालय र नापी कार्यालय अछाम संगको समन्वयमा पुनःनापी पछि दर्ता हुन बाँकी (साविक जग्गाधनि प्रमाण पूर्जा भएका) जग्गाधनिहरुलाई नयाँ जग्गाधनि प्रमाण पूर्जाको ब्यबस्था गरिने छ।

२१७) गाउँपालिकाले तयार गरेको **"भू- उपयोग क्षेत्र वर्गिकरण मापदण्ड-२०८१"** लाई कार्यान्वयनमा ल्याईनेछ।

## ९. विद्युतीकरण तथा दुर सञ्चार सम्बन्धी नीतिः

२१८) "**जनतासँग अध्यक्षको साथः उज्यालो तुर्माखाँद**" आ.व.२०८२/०८३ मा सबै नागरिकका घर-घरमा विद्युत् जडान गर्ने कार्यलाई पूर्णता दिईने छ र पालिकामा नेपाल विद्युत् प्राधिकरणको वितरण केन्द्र स्थापनाका लागि पहल गरी विद्युत् सेवालाई पहुँचयोग्य बनाइनेछ।

२१९) नेपाल टेलिकमसँगको सहकार्यमा सबै ठाउँमा भरपर्दो र पूर्ण क्षमताको सञ्चार सेवाको आवश्यक ठाउँमा नेपाल टेलिकमको रिपिटर टावर स्थापनाका लागि पहल गरिनेछ।

२२०) गाउँपालिकामा सूचनाको सहज सम्प्रेषण र प्रकाशनका लागि साझा सहकारीमा सञ्चालित एक एफ.एम. रेडियो स्थापनाको सम्भाव्यता अध्ययन गर्न पहल गरिनेछ।

२२१) केन्द्रिय विद्युत प्रसारण लाईन अवरोध भएको अवस्था र सेवा ग्राहिको सेवा नरोकिने गरी वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा वैकल्पिक विद्युत् स्रोतको व्यवस्था गरिने छ।

## १०.जलस्रोत तथा सिचाइँ, जलचर तथा जलिय जैविक विविधता संरक्षण सम्बन्धि नीति

२२२) जलाधारक्षेत्र संरक्षण तथा पानी पुनर्भरण गर्नको लागि जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजना (LACC) को साझेदारीमा जल उपयोग गुरुयोजना प्राथमिकतामा रहेका सिचाँई कुलो, बहुउपयोगि तथा रिचार्ज पोखरी निर्माण र सिमसार क्षेत्रको संरक्षण गरीनुका साथै पानीको मुहान आस पास क्षेत्रमा बृक्षारोपणको कार्यलाई कार्यान्वयनमा ल्याईने छ।

२२३) गाउँ पालिकाको वरिपरी बगिरहेको कर्णाली नदिको पानीलाई समुचित प्रयोग गर्न दातृ निकायको सहयोगमा सम्भावित तुल्ता, कुनिगडा, लोडे, असराघाट, तल्लो थाल्पाटा, सेलाघाट, भुलु जिउला, माछालोट बुढावालुवा रहफ, बल्दे,ताल,जंगलघाट र कोलिमरा क्षेत्रमा कृर्षि उत्पादनलाई मध्येनजर गरि आवश्यक लिप्टिङ्ग सिचाईको ब्यबस्था मिलाईने छ।

२२४) गाउँपालिकाको क्षेत्र भित्रका प्राकृतिक जलाशयमा विनाशकारी विधि ( विष, विद्युतिय करेन्ट र बिष्फोटक पदार्थ) को प्रयोग गरि जलचर समात्ने र मार्ने क्रियाकलाप बढ्दै गाएकोले यस्ता कार्यलाई नियमन गर्न यस गाउँपालिकाको **"जल चर तथा जलिया जैविक विविधता संरक्षण ऐन २०७७"** को प्रभावकारी कार्यन्वयनमा जोड दिईने छ साथै सामुदायीक जल चर संरक्षण समुह गठन गरि परिचालन गर्दै सचेतना अभिवृद्धिका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

## ११.राजश्व तथा आन्तरिक श्रोत परिचालन सम्बन्धि नीति तथा कार्यक्रम

२२५) आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजश्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२२६) राजस्व संकलन कार्यलाई मितव्ययी, नियमित प्रभावकारी, तथा पारदर्शी बनाउनको लागि राजश्व व्यवस्थापनसँग सम्बन्धि सुत्र ( SUTRA) प्रणालीको प्रयोगलाई निरन्तरता दिईनेछ।

२२७) राजश्वलाई नियमित, प्रभावकारी, अभिवृद्धि तथा चुहावटमुक्त बनाउनको लागि राजश्व सुधार कार्ययोजना तयार गरि लागु गरिनेछ।

२२८) गाउँपालिका तथा वडा कार्यालयका कर्मचारीहरुलाई कर तथा राजश्व, प्रशासन अभिलेखन (SUTRA Software) सम्बन्धि क्षमता विकास, अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

२२९) कर दिवस र उधोग दिवसको अवसरमा गाउँपालिकामा दर्ता भइ सञ्चालनमा आएका उद्योगि, व्यवसायीहरु एंव करदातालाई प्रोत्साहन र सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

२३०) राजश्व क्षमता अभिवृद्धिको लागि उद्योग वाणिज्य संघ, होटेल व्यवसाय संघ, घरेलु कार्यालय तथा अन्य मुख्य सरोकारवाला सँग नियमित समन्वय र अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिनेछ र राजस्व अधिकार सम्बन्धमा कार्यपालिका तथा राजस्व परामर्श समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण तालिमको व्यवस्था गरिनेछ।

२३१) आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

२३२) करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ।

२३३) हालसम्म दर्ता भएका व्यवसायको लगत अध्याधिक गर्ने तथा दर्तामा नआएकालाई दर्ता गर्न प्रोत्साहन गरिनेछ। व्यवसायको तथ्यांक लगत, व्यवसाय करको दर, तथा संकलनको अवस्था सम्बन्धि अनुगमन तथा मूल्यांकन गरिनेछ।

२३४) गाउँपालिका क्षेत्रका पर्यटकिय क्षेत्रहरुको प्रर्वद्धनका लागि पर्यटकीय प्याकेजको विकास तथा निजि क्षेत्रसँग सहकार्य गरिनेछ।

२३५) गाउँपालिका वा वडामा करको दररेट सम्बन्धि नागरिक वडापत्रको व्यवस्था गरी राजश्व संकलनको विवरण अर्धवार्षिक रुपमा प्रकाशन गरिनेछ।

२३६) राजश्व सुधार सम्बन्धी ऐन, कार्यविधि, निर्देशिका बनाई कार्यान्वयन गरिनेछ ।

२३७) ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ। जडिबुट्टी, प्राकृतिक स्रोत तथा ढुङ्गा, गिट्टि, बालुवा उत्खनन/संकलन एवं राजश्व संकलनको तथ्यांक तयार गरि कार्यान्वयन गरिनेछ।

## १२.सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्वन्धि नीति

२३८) सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई थप पारदर्शी र व्यवस्थित बनाउनको लागी VERSP-MIS र NID-MIS विच अन्तर आवद्धता कायम गरी श्रावण १ गते देखि भदौ मसान्तसम्म हुने नविकरण कार्यमा अनिवार्य Biometric Verification प्रणालीबाट तथ्याङ्क अद्यावधिक गर्ने नीति लिईनेछ ।

२३९) **बायोमेट्रिक डिभाइस** (Biometric Device) **सञ्चालन** गर्नको लागी आवश्यक पर्ने राष्ट्रिय परिचय पत्र बनाउन छुट भएका व्यक्तिहरुका लागि राष्ट्रिय परिचय पत्र शिविर सञ्चालनका लागि सम्बन्धित निकाय संग समन्वय गर्ने नीति लिईनेछ।

२४०) आगामी आर्थिक बर्षमा वितरण हुने सामाजिक सुरक्षा भत्तालाई सहज रुपमा लाभग्राहीहरुसम्म उपलब्ध गराउन यस पालिकाको भौगोलिक विकटलाई मध्यनजर गर्दै वडा नं.१ र २ को कार्यालय बाट नै भत्ता वितरणको कार्यलाई निरन्तरता दिईनेछ।

"*अन्त्यमा यस वार्षिक नीति तथा कार्यक्रम तर्जुमामा राय, सुझाव र सल्लाह दिनुहुने संघ तथा प्रदेशका माननीयज्यूहरु, विभिन्न राजनितिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, पूर्व जनप्रतिनिधि ज्यूहरु राष्ट्र सेवक कर्मचारीहरु, गैसस, निजि क्षेत्र, शिक्षक, बुद्धिजिवि, नागरिक समाज, सरोकारवाला तथा देश विदेशमा रहनुभएका समस्त तुर्माखाँद गाउँपालिकाबासी सम्पूर्ण दाजु भाइ तथा दिदि बहिनी लगायत सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा आम तुर्माखाँद बासी दाजुभाइ तथा दिदि बहिनिहरुको पूर्ण सहयोग रहनेछ भन्ने पूर्ण विस्वास लिएको छु ।*"

***धन्यवाद !!!***